प्रस्तावहरु :-

१. नगर प्रशासनिक भवनको लागि जग्गा ब्यबस्थापन सम्बन्धमा ।
२. पालिकाको लागि अति आवश्यक औषधि खरिद सम्वन्धमा ।

निर्णयहरु :-

१. **प्रस्ताव नं.१** उपर छलफल गर्दा जिल्ला महोत्तरी हाल औरही नगरपालिका वडा नं.-२ साबिक गा.बि.स.औरही वडा नं.५ कित्ता नं.१७८ क्षेत्रफल २-९-० (बि.-क.-धु.) सम्पूर्ण जग्गा यस औरही नगरपालिकाको लागि निर्माण हुने **नगर प्रसासनिक भवनको** लागि भोगाधिकार गर्न अनुमतिको लागि सम्बन्धित निकायहरुमा सरकारी जग्गा दर्ता ,उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति,२०७९ अनुसार हुने गरि सिफारिस गर्ने निर्णय गरियो साथै यस पालिका भित्र रहेका सरकारी तथा सार्वजनिक सम्पत्तिहरु स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ९७(१)१ बमोजिम पालिकाबाट रेखदेख,मर्मत सम्भार तथा संरक्षण गर्ने तथा प्रतेक वडामा विपद ब्यवस्थापनको लागि खुला क्षेत्र घोषणा गर्ने समेतको अधिकार यस पालिकाको नगर प्रमुख प्रदिप कुमार खड्का ज्यू तथा यस पालिकाको प्रमुख प्रसासकिय अधिकृत लाई दिने निर्णय गरियो ।

२. **प्रस्ताव नं.२** उपर छलफल गर्दा संघीय शशर्त अनुदान तर्फको १५ लाख ३४ हजार र पलिका तर्फको ५ लाख आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकमा बजेट बिनियोजन भई **E-Bid** मार्फत शिलवन्दी दरभाउपत्र प्रकाशन हुँदा सम्पूर्ण प्रक्रिया पुरा गरि लागत अनुमानको तुलनामा करिब ७५.५% घटीमा दरभाउ पत्र स्वीकार गरेका श्री फिगो मेडिसिन सप्लायर्स, क्षेत्रपाटि ,काठमाण्डौ संग मिति २०८१/०८/२४ गते सम्झौता भई निज सप्लायर्सले कबोल गरेको सम्पूर्ण औषधि मिति २०८१/०९/२७ गते यस पालिकामा दिई सकेको अवस्था रहेको तथा पालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा औषधिको आभाव हुन् लागेकोले शिलबन्दी दरभाउ बाट बाँकी रहेको रकमको पलिकलाई आवश्यक औषधिहरु श्री फिगो मेडिसिन सप्लायर्स, क्षेत्रपाटि ,काठमाण्डौले स्वीकार गरेको दररेटमा खरिद ब्यबस्था गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।